कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश नेपाल

प.सं. : ०७६/०७७ (योजना)

च.नं.:-

फोन नं.:-०८१-५४०००९

फ्याक्स नं.-०८१-५४०३१८

सूचना !   सूचना !!   सूचना !!!

**सूचना प्रकाशन मिति :- २०७६/१२/०३**

यस कोहलपुर नगरपालिकाको छैटौ नगरसभाको निर्णयानुसार तपशिल बमोजिमका निर्णयहरु भएकोले एक पटकको लागि ३५ दिने सूचना प्रकाशन गरिएको छ ।

तपशिल

१. नेपाल सरकार राष्ट्रिय भवन संहिता २०७२ र यस नगरपालिकाको भवन मापदण्ड २०७२ भन्दा अगाडि निर्माण भएका, हाल सडकको क्षेत्राधिकार भित्र पर्ने भवनहरुको हकमा घरधनीले सडकले कुनै पनि समयमा खाली गराउन चाहेको बखत हटाउन मन्जुर हुने सर्तमा त्यस्ता भवनको अभिलेखीकरण र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागु हुन भन्दा अगाडि निर्माण गरेका र प्रचलित मापदण्ड वमोजिम भएका तर नगरपालिकामा नक्शा पास नभइ निर्माण गरेका घरहरुको यो सूचना प्रकाशित भएको ३५ दिन भित्र **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-०७ को दफा ४२ को (ग)** ले गरेको व्यवस्था अनुरुप दस्तुर तिरी नक्सा पास गर्नु हुन अनुरोध छ ।

२. यस कोहलपुर नगरपालिकाको भवन मापदण्ड अनुसार नक्शा पेश गरी डि.पि.सि. तथा डि.पि.सि. र सुपरस्ट्रक्चर दुवैको निर्माण ईजाजत प्राप्त गरे पश्चायत सुपरस्ट्रक्चरको ईजाजत लिने वा दुवैको ईजाजत लिएकालाई निर्माण सम्पन्न प्रमाणपत्र दिने अवस्थामा आईपुग्दा यस नगरपालिकाको भवन मापदण्ड २०७२ अनुरुप नभई निर्माण सम्पन्न प्रमाणपत्र दिन नसकिएका भवनहरुको लागि "**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-०७ को दफा ४२ को** (ग) ले गरेको व्यवस्था अनुरुप तोकिएको दस्तुर तिरी सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आवेदन दिई अभिलेखिकरण प्रमाणपत्र समेत लिनु हुन अनुरोध छ ।

बिरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत